"मेरो उपकार, सपना साकार"

**उपकार बचत तथा ऋण सहकारी संस्था लि.**

**Upakar Savings & Credit Co-operative Society Ltd.**

नेफ्स्कून

# उपकार स्मार्ट बैकिङ्गको लागि आवेदन

Date (मिति) :

The Branch Manager (श्रीमान् व्यवस्थापकज्यू,)
Upakar Saccos (उपकार साकोस)

I/We hereby request you to provide me/us Smart Mobile Banking Services. The required details are as follows (म/हामीलाई स्मार्ट मोबाइल बैंकिङ सुविधा प्रदान गरि दिन हुन म/हामी तपाई समक्ष अनुरोध गर्दछु/छौं । आवश्यक विवरणहरु निम्न बमोजिम छन् ।)

Name of Account Holders/CID (खातावालाको नाम/स.नं.) :

| S.No.<br>क्र.सं. | Account Type<br>खाताको प्रकार | Account Number<br>खाता नम्बर | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

Authorized Mobile Number :
(आधिकारिक मोबाइल नम्बर)

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

Mobile Banking Facility :
(मोवाइल बैकिङ्ग सुविधा)

☐ SMS Alert ☐ Mobile Banking (Utility Payment & Fund Transfer)

Authorized Email Id :
(आधिकारिक इमेल ठेगाना)

I/We hereby authorize the Co-Operative to debit my/our A/C No /for applicable charges for the services availed to us and fully agree to the terms and conditions of the services. (म/हामीलाई सेवा उपलब्ध गराए वापत आवश्यक दस्तुरको लागि हाम्रो/मेरो खाता नम्बरबाट खर्च जनाउनका लागि मैले/हामीले सहकारीलाई अख्तियारी प्रदान गर्दछु/गर्दछौं । पीठमा लेखिएका सेवा सम्बन्धी शर्तबन्देजहरु स्वीकार/पालना गर्दछौ/छु ।)

.............................
Applicant's signature
(निवेदकको हस्ताक्षर)

---

**संस्थाको प्रयोजनको लागि**

| .................... | .................... | .................... |
|---|---|---|
| जाँच गर्ने<br>Checked By | प्रविष्टि गर्ने<br>Entry By | स्वीकृत गर्ने<br>Approved BY |

मिति :

# शर्तबन्देजहरु

**उपकार साकोस (यसपछि "संस्था" भनिएको) ले निम्न शर्त तथा बन्देजहरुको अधिनमा रही मोबाइल बैंकिङ सेवा संचालन गर्नेछ ।**

१. **परिभाषा :** (विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस लिखतमा निम्न शब्द तथा वाक्यांशहरुको अर्थ निम्न बमोजिम हुनेछ ।
क) खाता भन्नाले सदस्यले यस संस्थामा सञ्चालन गरेको वा भविष्यमा सञ्चालन गर्ने संस्था खाता र/वा अन्य कुनै प्रकारको खातालाई सम्झनुपर्छ ।
ख) सदस्य भन्नाले संस्थाको सदस्य वा संस्थामा खाता सञ्चालन गरेको कुनै व्यक्तिलाई सम्झनु पर्छ र सो शब्दले बैंकिङ्ग सेवाको लागि आवेदन गरेको व्यक्तिलाई समेत सम्झनुपर्छ ।
ग) मोबाइल बैंकिङ सेवा भन्नाले स्रोत खाताबाट रकम जम्मा गर्नको लागि निर्दिष्ट गरिएको खातामा रकम हस्तान्तरण गर्ने तथा सोमा मात्र सिमित नभएर बिल भुक्तानी गर्ने (नेपाल टेलिकमको पोष्टपेड तथा प्री पेड मोबाइल तथा पिएसटीएन लाइन आदि) तथा भविष्यमा थप हुन सक्ने अन्य भुक्तानी समेतलाई सम्झनु पर्छ ।
घ) स्रोत खाता भन्नाले यस संस्थामा सदस्यले सञ्चालन गरेको खातालाई सम्झनु पर्छ । मोबाइलबाट सुविधा प्रयोग गरी भुक्तानीको लागि सदस्यले दिएको निर्देशन बमोजिम भुक्तानी गरिएको रकम फरफारको लागि सदस्यको स्रोत खातामा खर्च जनाइन्छ । तपाईले स्रोत खाता भनि निर्दिष्ट खाताबाट मात्र मोबाइल भुक्तानी सुविधा प्राप्त हुन्छ ।
ङ) निर्दिष्ट खाता भन्नाले मोबाल बैंकिङ सेवा मार्फत हस्तान्तरित रकम प्राप्त गर्ने व्यक्तिले संस्थामा सञ्चालन गरेको खातालाई जनाउँछ, जसमा सो सेवाबाट हस्तान्तरित रकम जम्मा हुन्छ ।
च) मोबाइल नम्बर भन्नाले मोबाइल बैंकिङ सेवा उपलब्ध गराउने प्रयोजनको लागि सदस्यले तोकि दिएको नम्बरलाई सम्झनु पर्छ ।
छ) एम.पिन भन्नाले व्यक्तिगत परिचय नम्बरलाई सम्झनु पर्छ जुन विशिष्ट र संस्थाको आफ्नै प्रणालीले क्रम रहित तरिकाबाट उत्पादन गरेको हुन्छ । यो गोप्य पासवर्ड आधिकारिक व्यक्तिको पहुँचबाट मात्र सेवा प्राप्त गर्न प्रयोग गरिन्छ । यसै तल उल्लेखित पिन शीर्षकमा पनि हेर्नुहोस् ।
ज) सेवा प्रदायक भन्नाले अन्य निकाय, व्यक्ति आदिलाई सेवा प्रदान गर्ने तेस्रो पक्षलाई सम्झनु पर्छ ।
झ) नेपाल टेलिकम/एनसेल सेवा प्रदायक र/वा मोबाइल सञ्जालको सञ्चालक हुन् ।

२. **शर्त तथा बन्देजहरु लागू हुने अवस्था :** उल्लेखित शर्त तथा बन्देजहरु सदस्यले पेश गरेको निवेदनको अभिन्न अंगको रुपमा रहने छन् । त्यसलाई संस्थाले स्वीकार गरेपछि संस्था तथा सदस्य बीच सम्पन्न करारको रुपमा रहने छन् । साथै संस्थाले सहमति जनाएको अवस्थामा प्रस्तुत शर्त बन्देजहरु अन्य सेवा प्रदायकहरुको सम्बन्धमा पनि लागू हुन्छन् ।

३. **आवेदन :** यस सेवा प्रयोगको लागि संस्थाले तोकेको ढाँचा बमोजिमको आवेदन सदस्यले संस्था समक्ष पेश गर्नेछ ।

४. **सदस्यको योग्यता :** यो सुविधा उपयोग गर्न चाहने सदस्य संस्था खाताको एकल खाता संचालन वा स्वतन्त्र रुपमा कार्य गर्न अख्तियारी प्राप्त गरेको हुनु पर्नेछ । सबै मोबाइल सेटहरु यो सेवाको पहिँचको लागि योग्य मानिने छैनन् । सदस्यको मोबाइल सेटको कमजोरीको कारण सदस्यले यो सेवा प्राप्त गर्न नसकेमा वा यसको प्रयोग वा पहुँचको प्रयास वा सेवाको प्रयोगको परिणाम स्वरुप सदस्यको मोबाइल सेट हराएमा वा बिग्रेमा संस्था जिम्मेवार हुनेछैन ।

५. **संक्षिप्त सन्देश सेवा :** संक्षिप्त सन्देश सेवालाई सेवा प्राप्तीको लागि सञ्चारको एक विधिको रुपमा प्रयोग गरिनेछ । सदस्यले तोकेको/दर्ता गरेको मोबाइल नम्बर र संस्थाले तोकेको नम्बर (CPI_ALERT) बाट संक्षिप्त सन्देश सेवा आदान प्रदान गरिनेछ । तर सेवाका सम्बन्धमा सदस्य बाहेक अन्य व्यक्तिको संक्षिप्त सन्देश सेवामा पहुँच पुगेको कारणले सदस्यले कुनै प्रकारको हामी नोक्सानी ब्यहोर्नु परेमा संस्था जिम्मेवार हुनेछैन ।

६. **एम.पिन :** पिनको सुरक्षा कायम गर्नको लागि सदस्यले प्रयाप्त उपायहरुको अवलम्बन गर्नेछ र पिनको प्रयोगबाट तोकिएको खातामा कारोबार गर्नको लागि बैकलार्य पर्याप्त अख्तियारी प्रदान भएको छ । यस अख्तियारी अन्तर्गत संस्थाले काम गर्न सक्नेछ र सो कामको लागि थप सोधपुछ गर्न संस्था बाध्य हुने छैन । साथै संक्षिप्त सन्देश सेवामा निहित जोखिम तथा तेस्रो पक्ष (सेवा प्रदायक) मा भर पर्नु पर्ने भएको कारणले यो माध्यम सन्देश सम्प्रेषणको अति सुरक्षित माध्यम होइन भन्ने कुरा सदस्यले स्वीकार गरेको छ । तसर्थ निम्न बमोजिमका नियन्त्रित उपायको माध्यमहरु अवलम्बन गरी सदस्यले आफूलाई सुरक्षित गर्ने छन् ।
**सदस्यले अनिवार्य रुपमा निम्न काम गर्ने छन् :**
क) तपाईको पिनको लिखित वा विद्युतीय कुनै रुपमा पनि अभिलेख नराख्ने, त्यसलाई नलेख्ने, कसैलाई नदेखाउने वा पिनको पहुँचमा कसैलाई अनुमति नदिने ।
ख) परिवारको सदस्य वा संस्थाका कर्मचारी लगायत त्यससँग प्रत्यक्ष सम्बन्धित अधिकारी कसैलाई पनि यसको जानकारी नदिने ।
ग) यसलाई कुनै लापरवाही वा हेलचक्र्याई देखाउने काम नगर्ने । उदाहरणको लागि : यसलाई अरुले पत्ता लगाउनबाट रोक्नको लागि यसको साँचो बन्द गर्न आवश्यक शतर्कता अपनाउन असफल हुने ।
घ) संस्थाबाट आएका वा संस्थामा पठाएका सबै एसएमएसहरुलाई नमेटाइकन मोबाइल सेटलाई यसै नछाड्ने ।
ङ) मोबाइल सेटलाई लक गर्ने वा सेवाको अनाधिकृत प्रयोगलाई रोक्नको लागि अन्य आवश्यक उपाय अबलम्बन गर्ने र मोबाइल सेट चोरी भएमा वा हराएमा वा मोबाइल नम्बर परिवर्तन गरेमा तत्काल संस्थामा खबर गर्ने।
च) सेवामा अनाधिकृत रुपमा हुने पहुँच रोक्नको लागि अन्य कुनै वा सबै आवश्यक वा बान्छित कार्य गर्ने ।
छ) यदि पिन कसैसँग प्रकट भएमा वा देखिने सम्भावना भएमा सदस्यले त्यसलाई तत्काल परिवर्तन गर्नुपर्नेछ । संस्थाले सदस्यलाई नियमित रुपमा पिन परिवर्तन गर्नको लागि पोत्साहन गर्छ ।

७. **उपलब्धता र प्रकटिकरण :**
संस्थाले समय समयमा निर्णय गरे बमोजिम त्यस्ता सेवाहरु सदस्यलाई उपलब्ध गराउन प्रयत्न गर्नेछ । संस्थाले आफ्नो स्वविवेकमा त्यस्ता सेवाहरु थपघट गर्न सक्नेछ । संस्थाले आफ्ना सदस्यहरुलाई निश्चित नेटवर्क सञ्चालकहरुद्वारा सञ्चालित मोबाइल प्रयोग गर्न सदस्यहरुलाई प्रस्ताव गर्ने अधिकार आफूमा सुरक्षित गरेको छ । तोकिएको मोबाइल फोन नम्बरबाट मात्र सदस्यको सेवाको पहुँचलाई निश्चित गरिनेछ ।
मोबाइल फोन नम्बर प्रमाणित गर्ने माध्यमबाट सदस्यको प्रमाणित गरी पिन प्रदान गरेर वा आफ्नो स्वविवेकमा संस्थाले तोकेकोको प्रमाणिकरणको माध्यमबाट सदस्यको प्रमाणिकरण भइ सके पछि मात्र सदस्यको निर्देशन लागू गरिनेछ ।
तेस्रो पक्ष सेवा प्रदायक र सञ्चालन प्रणालीको असफलताका कारण वा कुनै कानुनी प्रावधान लगायत अन्य त्यस्तै जुनसुकै कारणले आफ्नो काबु बाहिरको परिस्थिति सृजना भई कुनै निर्देशनलाई कार्यान्वयनमा ढिलाई भएमा संस्था जिम्मेवार हुने छैन ।

८. **संस्थाको अधिकार :** सदस्यले मोबाइल भुक्तानीलाई कार्यान्वयन गर्न निजका सबै खाताहरुमा पहुँचको लागि संस्थालाई अपरिवर्तनीय र निःशर्त रुपमा अख्तियारी प्रदान गर्दछ । सदस्यले संस्थालाई आवश्यकता अनुसार सदस्यको अनुरोधलाई स्वीकार गर्ने/कार्यान्वयन गर्ने प्रयोजनको लागि निजको खाताको जानकारी तेस्रो पक्षलाई समेत उपलब्ध गराउनको लागि थप अख्तियारी प्रदान गर्दछ ।

९. **अभिलेख :** कारोबारको समय लगायत सदस्यले सेवा उपभोग गरे वापतको संस्थाले अभिलिखित गरी तयार गरेका कारोबारको सम्पूर्ण अभिलेखहरु कारोबारको वास्तविकता तथा सत्यताको लागि निर्णायक प्रमाणको रुपमा र हुने छन् । कारोबारको विवरणको अभिलेख तयार गर्नको लागि सदस्यले संस्थालाई व्यक्ति रुपमा यसै मार्फत अख्तियारी प्रदान गर्दछ ।

१०. **निर्देशन :** सेवा उपलब्ध गराउनको लागि दिइने सबै निर्देशनहरु संस्थाले किटान गरि दिएको तरिका बमोजिम मोबाइल फोन नम्बर मार्फत दिइनेछ । सदस्यले संस्थालाई दिएको निर्देशनहरु नै निजलाई सेवा उपलब्ध गराउनको लागि पर्याप्त भएको मानिने हुनाले त्यस्ता निर्देशनको सत्यता र आधिकारिकताको लागि सदस्य नै जिम्मेवार हुने छन् ।

११. **दायित्वमाथिको इन्कारी :** जुन भौगोलिक क्षेत्रभित्र सेवा उपलब्ध गराउने भनि तोकिएको छ, सो तोकिएको क्षेत्रभित्र सदस्य नरहेको कारणले सदस्यको तर्फबाट भएको कमजोरीको कारणले निजले सेवा प्राप्त गर्न नसकेमा त्यस्तो सदस्यकै तर्फबाट भएको कमजोरीबाट सृजित दायित्वको जिम्मेवारी संस्थाले वहन गर्ने छैन । यदि सदस्यको मोबाइल नम्बर अन्य व्यक्तिलाई दिइएको छ/दिइयो र/वा निजको खातामा अनाधिकृत कारोबार भयो र/वा निजको मोबाइल नम्बर हरायो भन्ने विश्वास गर्ने कारण सदस्यसँग भएमा निजको मोबाइल नम्बर हरायो भन्ने विश्वास गर्ने कारण सदस्यसँग भएमा निजले संस्थालाई तत्काल लिखित रुपमा जानकारी गराउनु पर्नेछ । **निम्न अवस्थामा संस्था उत्तरदायी हुने छैन भन्ने कुरामा सदस्य मञ्जुर गर्दछ :**

- सदस्यले जानीजानी वा अन्जानमा पिन तेस्रो व्यक्तिलाई उपलब्ध गराएकोमा सोको को परिणाम स्वरुप सेवाको अनुचित प्रयोग भयो भने,
- सदस्यले यही उल्लेखित कुनै पनि शर्तबन्देजको उल्लंघन गरेमा
- सदस्यको खातामा अनाधिकृत प्रवेश भएको छ वा त्रुटिपूर्ण कारोबारहरु भएको छ भन्ने कुराको उचित समयभित्र सदस्यको तर्फबाट संस्थालाई लिखित रुपमा चेतावनी वा जानकारी नदिएको परिणाम स्वरुप सदस्यले रकम तिर्नु पर्ने भएमा वा निजलाई क्षति भएमा ।
- सदस्यको मोबाइल फोन नम्बर परिवर्तन भएको वा बन्द भएको कुराको सदस्यको तर्फबाट संस्थालाई लिखित रुपमा जानकारी गराउन नसकेको परिणाम स्वरुप कुनै नोक्सानी भएमा ।

यस सेवा माथिको पहुँच मोबाइल फोन नम्बरबाट मात्र हुनेछ र सो मार्फत सुरु भएका कुनै पनि कारोबारहरु, चाहे ती सदस्यबाटै भएका हुन् वा नहुन सदस्यबाट नै भएको मानिनेछ भन्ने कुरालाई सदस्यले स्वीकार गरेको छ । दैवी प्रकोप, कानुनी बन्देज, मोबाइल नेटवर्क प्रदायकको त्रुटी वा लापरवाही, नेटवर्कको अभाव, सेवाप्रदायक तेस्रो पक्ष लगायत अन्य पक्षको कारणमा मात्र सिमित नभई संस्थाको काबु भन्दा बाहिरको कुनै पनि परिस्थितिको सृजनाबाट सेवा उपलब्ध हुन नसक्ने अवस्था भएमा संस्थालाई उत्तरदायि बनाइने छैन । सदस्यको वा अन्य तेस्रो व्यक्तिको आडमा गरेको कुनै कामको परिणाम स्वरुप उत्पन्न परिस्थितिबाट पत्यक्ष, अप्रत्यक्ष, आकस्मिक, परिणामिक र अनपेक्षित जस्तो सुकै नोक्सानी भएको र सोबाट राजस्वको क्षति, व्यवसायमा उत्पन्न अवरोध वा अन्य कुनै प्रकारको वा प्रकृतिको जस्तो सुकै क्षति दाबी गरिएको किन नहोस् त्यस्तो कुनै अवस्थामा पनि संस्था जिम्मेवार हुने छैन । सेवाको अवैध वा अनुचित प्रयोग गरेमा त्यसलाई उत्पन्न आर्थिक दायित्व वापत संस्थाले निर्धारण गरे बमोजिमको शुल्क बुझाउने जिम्मेवारी सदस्यको हुनेछ ।

१२. **हर्जना :** संस्थाले प्रदान गरिरहेको सेवाको सम्बन्धमा, सोको प्रयोग गर्दा सुरक्षित र जोखिमम रहित काम गर्न तथा सदस्यको निर्देशन बमोजिम कुनै कार्य गर्दा वा नगर्दा वा काम गर्न अस्वकिार गर्दाको परिणाम स्वरुप संस्थाको विरुद्धमा भएका सबै कारवाहीहरु, दावीहरु, सुनुवाइहरु, हानी नोक्सानी, खर्च शुल्क तथा लागत वा जेसुकै भएपनि संस्थाले तिर्न व्यहोर्न वा केही समय राख्नु पर्ने लगायतका समस्या बेहोर्नु पर्ने अवस्था सृजना भएमा सोको सोध भर्ना गर्न सदस्य मञ्जुर गर्दछ ।
मोबाइल सञ्जाल सेवा प्रदायकको तर्फबाट भएको असफलता वा विसंगतिको कारण संस्थाले सेवा प्रदान गर्न नसकेमा वा ढिलो हुन गएमा सोको कारण सदस्यले कुनै हानी वा नोक्सानी व्यहोर्न पर्ने अवस्था सृजना भएमा त्यसबाट सदस्यले संस्थालाई क्षतिहिन रुपमा सुरक्षित राख्नेछ ।
**निम्न कुराको परिणाम स्वरुप कुनै हानीनोक्सानी हुन गएमा सदस्यले संस्थालाई नोक्सानीको सोधभर्ना गर्न वा क्षतिहीन रुपमा सुरक्षित राख्नु मञ्जुरी गर्दछ ।**

- यदि सदस्यले तेस्रो व्यक्तिलाई सेवा प्रयोग गर्न अनुमति दिएमा
- यदि सदस्यले निजको मोबाइल फोन अन्य व्यक्तिले प्रयोग गर्न अनुमति दिएमा वा मोबाइल फोन जथाभावी छाडेमा वा हराएमा

१३. **शुल्क र महसुलहरु :** संस्थाबाट समय समयमा प्रकाशित हुने सेवा शुल्क, प्रशासनिक शुल्क, नविकरण वापत शुल्क र पिन रिसेट वापत शुल्क संस्थाले तोके बमोजिम हुनेछ ।

१४. **संशोधन वा हेरफेर :** सदस्यलाई पूर्व जानकारी दिई वा नदिई कुनै पनि समयमा कुनै पनि शर्तबन्देजहरुमा परिवर्तन गर्ने वा थप गर्ने पूर्ण स्वविवेकीय अधिकार संस्थामा सुरक्षित रहेको छ । त्यसरी परिवर्तन वा थप गरिएको शर्त बन्देजहरु तत्काल लागु हुनेछन् र सदस्यको लागि बाध्यकारी हुनेछन् ।

१५. **सेवा सुविधाको समाप्ती :** सदस्यले संस्थालाई लिखित जानकारी दिएर कुनै पनि समयमा सेवा सुविधाको समाप्तीको लागि अनुरोध गर्न सक्नेछ । सेवा समाप्ति हुनु भन्दा पूर्व सदस्यको मोबाइल नम्बर मार्फत भएको कारोबारको हकमा निजको जिम्मेवारी रहिरहनेछ । संस्थाले सदस्यलाई पूर्व जानकारी नदिई आफ्नो स्वविवेकमा कुनै पनि समयमा सेवालाई सम्पूर्ण वा आंशिक रुपमा स्थगित वा बन्द गर्न सक्नेछ । संस्थाले मर्मत सम्हार तथा जिर्णेद्वार गर्नु पर्ने भएमा, सुरक्षा वा अन्य कारणले कुनै आकस्मिक परिस्थितिको सृजना भई सेवा स्थगित गर्नु पर्ने परिस्थिति सृजना भई सेवा स्थगित गर्नु पर्ने परिस्थिति सृजना भएमा सदस्यलाई पूर्व जानकारी नदिई आफ्नो स्वविवेकमा सेवालाई कुनै पनि समयमा निलम्बन गर्न सक्ने । संस्थाले सेवालाई स्थगित गरेको वा समाप्त गरेको उपयुक्त सुचना दिन वा नदिन सक्नेछ ।
सदस्यको खाताबन्द भएपछि सो सेवा स्वतः समाप्त हुनेछ । संस्थाले पूर्व सूचना विनानै सेवालाई स्थगित वा समाप्त गर्न सक्नेछ ।
यदि सदस्यले उल्लेखित शर्त तथा बन्देजहरु उल्लंघन गरेमा वा यदि सदस्यको मृत्यु भएको, तिर्नु बुझाउनुपर्ने शल्क/दस्तुर नबुझाएको दामासाहिमा परेको, कानुनी व्यक्तित्व गुमाएको कुरा संस्थालाई जानकारी भएमा वा संस्थाले उपयुक्त ठहराएको अन्य अवस्थामा संस्थाले सेवा बन्द वा स्थगित गर्न सक्नेछ ।

१६. **वैधता :** यो सेवाको अवधि एक वर्षको लागि हुनेछ । मोबाइल बैंकिङ सुविधा एक वर्ष पछि स्वतः नविकरण हुनेछ । यदि सदस्यलाई यो सुविधा नचाहेको खण्डमा संस्थालाई म्याद नाघ्न एक महिना अगावै लिखित रुपमा सुचित गर्नु पर्नेछ ।